पाल्हीनन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी; (बर्दघाट सुस्ता पश्चिम),५ नं. प्रदेश

प. सं. : ०७४/०७५
च. नं. :

**प्रथम पटक प्रकासित मितिः २०७४।१०।२६**

सुचना । सुचना ॥ सुचना ।।।

## "घ" वर्ग निमार्ण व्यवसायी इजाजतपत्र को लागि दरखास्त सम्बन्धमा

स्थानिय सरकार सञ्चालन ऐन -२०७४ को दफा ११ को उपदफा (२) को छ (१०) बमोजिम सार्वजनिक निमार्ण कार्यको लागि प्रचलित कानुन बमोजिम "घ" वर्गको इजाजतपत्र जारी, नवीकरण तथा खारेजी स्थानिय गाउँपलिका /नगरपालिकालाई भएकोले सो बर्गको इजाजतपत्र को लागि इच्छुक निमार्ण व्यवसायीले यस कायालयको तोकेको ढाचाँमा प्रथम पटक प्रकाशित मितिले ७ दिन भित्र यस कार्यालयमा दरखास्त दिनुहुन आह्वान गरिन्छ ।

***"घ" वर्गको निमार्ण व्यवसायीको लागि आवश्यक योग्यता***

*१. **आर्थिक क्षमता :** : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा एक लाख रुपैयाँको चालु पुँजी देखाई घरेलु उद्योग मा दर्ता भएको हुनु पर्नेछ ।*

*२. **मुख्य जनशक्ति विवरण** : सिभिल इन्जिनियरीङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।*

*३. **मेशीन र उपकरण :***

*(क) लेभल (एक थान)*
*(ख) वाटर पम्प (एक थान)*
*(ग) भाइब्रेटर (एक थान)*

*द्रष्टव्य :*

*१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।*

*२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।*

*३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई बर्षसम्म बेचबिखन गर्न पाइने छैन ।*

*४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।*

web site : www.palhinandanmun.gov.np., email:palhinandanrulmun2073@gmail.com ph. no. : 9857046036

सूचना प्राविधि अधिकृत website मा upload गर्नुहोला ।